सम्माननीय प्रधानमन्त्री ज्यू, माननीय मन्त्री ज्यू पूर्व मन्त्री तथा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरु

१. सर्वप्रथम म ईन्द्रावती र मेलम्ची नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट प्रभावित मेलम्ची नगरपालिका र यस क्षेत्रका जनताहरुलाई परेको पिरमर्कामा मलहम पट्टी लगाउन स्वयम सम्मानीय प्रधानमन्त्री ज्यू यहाँ उपस्थिति हुनु भएकोमा सम्पूर्ण नगरवासीको तर्फबाट हार्दिक स्वागत एंव आभार व्यक्त गर्दछु ।
२. यस क्षेत्रमा आएको बाढीको प्रलय कति विध्वंशकारी थियो भन्ने कुरा सम्माननीय प्रधानमन्त्री ज्यूको यस भ्रमणले नै प्रमाणित गर्दछ जस्तो मलाई लाग्दछ ।
३. यति हुँदाहुँदै पनि यस प्रलयले यस क्षेत्रमा गरेको विध्वंशका सम्वन्धमा म केही जानकारी साझा गर्न चाहन्छु । मेलम्ची नगरपालिका क्षेत्रमा भएको क्षतिको बारेमा कुरा गर्नु पर्दा यस नगरपालिकाको तालामाराङ वजार देखि ढाँडखोला बजारसम्मको करीव १५ किलोमिटर तटीय क्षेत्र कुनै न कुनै रुपमा प्रभावित भएको छ । यस पालिकाको केन्द्र भागमा रहेको मेलम्ची बजारको तल्लो तटिय क्षेत्र लगभग पूर्ण रुपमा तहसनहस भएको छ । नगरपालिकाको गौरवका आयोजनाहरु मेलम्ची सिटीपार्क बसपार्क फोहरमैला प्रशोधन केन्द्र लगायत दर्जनौ सार्वजनिक संरचनाहरुको नामा निसाना नरहने गरी बगाएको छ ।
४. यस कठिन घडीमा नागरिकको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको तर्फबाट उपलब्ध हुन सक्ने आर्थिक तथा प्राविधिक क्षमताको उच्चतम प्रयोग गरी बाढी प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत कार्यक्रम संचालन गर्दै आइरहेको कुरा अवगत गराउन चाहन्छु ।

**सम्माननीय प्रधानमन्त्री ज्यू**

५. यस नगरपालिकामा बाढीले पुर्याएको क्षतिको विवरण, बाढी पश्चात तत्काल उद्धार तथा राहत तथा प्रतिकार्यका लागि नगरपालिकाले गरेको प्रयास, बाढी पश्चात् यस भेगका नागरिकहरुले भोग्नुपरेको समस्या तथा संघीय एंव प्रदेश सरकारसंगको नागरिकले गरेका अपेक्षा यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।
६. हामीलाई बाढीले जस्तोसुकै परिस्थितिमा पुर्याए पनि हामी हाम्रो नगरलाई अझ व्यवस्थित र समृद्ध नगरका रुपमा उभ्याउन प्रयत्नशिल रहने छौं । हाम्रो यस अभियानमा साथ र सहयोगका लागि सम्माननीय प्रधानमन्त्री ज्यूबाट सम्पूर्ण सरोकारवालाहरुलाई तदारुकताका साथ निर्देशन प्रदान हुनेछ भन्ने आशा लिएका छौं ।

**डम्बर बहादुर अर्याल**
**नगर प्रमुख**

Scanned with CamScanner

# मेलम्ची नगरपालिकाको तर्फबाट हालसम्म भए गरेका प्रयासहरु

**विपद् पश्चातको तत्कालीन उद्धार र बाढीबाट विस्थापितहरुको व्यवस्थापन :**

- ❑ मेलम्ची बजारबासीहरुलाई विपद्को पूर्व जानकारी प्रदान गरिएको जसले गर्दा मानवीय क्षति हुनबाट जोगिएको ।
- ❑ बाढीबाट विस्थापित मेलम्ची बजारका करिव ७० घर परिवार सहित करिव ५०० जना मानिसहरुलाई दुइहप्ता सम्म ईन्द्रेश्वरी मा.वि. को भवन र मेलम्ची स्थित सैनिक व्यारेकमा खानपान र बसोवासको व्यवस्थापन गरिएको ।
- ❑ सुरक्षा निकायको समन्वयमा बाढीको कारण घर भित्र थुनिएर जोखिम अवस्थामा रहेका ४ जना व्यक्तिहरुको सेनाको हेलिकप्टरबाट उद्धार गरिएको
- ❑ बाढीबाट घर पूर्ण क्षति भएका ब्यक्तिहरुको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरणमा लाभग्राही कायम गराउनका लागि अनुसुची भरी विवरण पठाइएको ।
- ❑ इसिमोड, यु एन डि पी, काठमाण्डौं विश्वविद्यालय, मौसम विज्ञान विभागका विज्ञहरुसंग संभावित जोखिम न्युनिकरण तथा भावी रणनीतिका सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

**अस्थायी शिविरमा बसेका भन्दा बाहेकका बाढीपीडितहरुलाई तत्काल खाद्यान्न तथा अन्य आवश्यक सामाग्री वितरण गरिएको :**

- ❑ विभिन्न संघ/संस्था तथा व्यक्तिहरुबाट प्राप्त भएको/ प्राप्त हुने राहत सामाग्रीहरुको एकद्धार प्रणालीबाट अभिलेख राखी वितरण कार्य गरिएको ।
- ❑ बाढी पीडितहरुको स्वास्थ्य सुरक्षा र अन्य सहयोगी संघ/संस्थाहरुको समन्वयको लागि सहायता कक्ष र स्वास्थ्य कक्ष स्थापना गरी कार्य गरिएको ।
- ❑ विपद् व्यवस्थापनको लागि नगरस्तरीय जलवायु अनुकुलन तथा विपद् व्यवस्थापन समिति, अल्पकालीन व्यवस्थापन तथा पुनर्स्थापना समिति, संघ/संस्था समन्वय तथा निर्देशक समिति, विपद् जोखिम न्यूनीकरण उप समिति लगायतका समितिहरु गठन गरी परिचालन गरिएको ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

डम्बर बहादुर अर्याल
नगर प्रमुख

**राहत कोषको स्थापना :**

- ❑ ईन्द्रावती र मेलम्ची नदीको बाढीबाट विस्थापितहरुको पुनर्स्थापना, पुनर्निर्माण र व्यवस्थापनको लागि मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषको स्थापना गरिएको ।

- ❑ नगरपालिकाबाट तत्काल उक्त कोषमा रु. ५० लाख, जनप्रतिनिधिहरुको एक महिनाको पारिश्रमिक र कर्मचारी एंव शिक्षकहरुको ३ दिनको तलब जम्मा गरिएको ।

- ❑ मिति २०७८ असार २५ गतेसम्ममा विभिन्न सरकारी तथा गैर सरकारी निकाय एवं व्यक्तिहरुबाट रु. ४ करोड १५ लाख जम्मा भएको ।

**संभावित जोखिम न्युनिकरणका लागि भएका प्रयासहरु**

- ❑ मेलम्ची तथा इन्द्रावती नदीको वहावलाई पुर्ववत अवस्थामा फर्काउनका लागि १० वटा स्काभेटर मेसिनले निरन्तर कार्य गरिरहेको ।
- ❑ नदिको कटान रोक्नका लागि ढुंगाको प्रयोग गरी ग्याभिन बक्स भर्ने काम जारी रहेको ।
- ❑ बाढीले भत्काई जोखिमपूर्ण अवस्थामा रहेको झोलुङे पुल हटाउने कार्य सम्पन्न भएको ।
- ❑ बाढीको पूर्व सुचनाका लागि साइरन जडान गरिएको ।
- ❑ हेलम्वु र पाँचपोखरी थाङपाल गाउँपालिकासंगको यातायात सुचारु गर्नका लागि तत्काल बाटो मर्मत संभार कार्य गर्नुको साथै वैकल्पिक मार्ग खुलाउनका लागि टेण्डर प्रकृया अघि बढाइएको ।

**भावी रणनीति र योजना:**

- ❑ वास्तविक पीडित र प्रभावितहरुको यथार्थ तथ्याङ्क पहिचान गरी प्रभावित घर परिवार अस्थायी परिचय पत्र वितरणको लागि आवश्यक तयारी गरिएको ।

- ❑ अस्थायी पुनर्वासको लागि वडा कार्यालय र टोल विकास संस्थासंग समन्वय गरी पूर्ण क्षति र आंशिक क्षति भएका घर परिवार तथा व्यवसायीहरुलाई क्रमश: २५ हजार, २० हजार, १५ हजार र १० हजार नगद राहत प्याकेज प्रदान गर्ने अन्तिम तयारी गरिएको ।

- ❑ बाढी प्रभावित नागरिकहरुको सामाजिक तथा आर्थिक पुर्नउत्थानको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वय तथा सहकार्यमा उद्‌यमसिलता तथा कृषि विकास कार्यक्रम अगाडि बढाउने योजना रहेको।

- ❑ इन्द्रावती तथा मेलम्ची नदिको दुई किनारामा सुरक्षित तटवन्ध निर्माण गरि नदि आसपासका बस्ती तथा खेतीयोग्य जमिन संरक्षण गर्न प्रदेश तथा संघीय सरकारसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।

डम्बर बहादुर अर्याल
नगर प्रमुख

- स्थायी पुनर्वासको लागि अल्पकालीन र दीर्घकालीन रणनैतिक योजना सहित सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय भैरहेको ।

**मेलम्ची क्षेत्रका नगरवासीको समस्या तथा नेपाल सरकारसंग गरेको अपेक्षा:**

- विनाशकारी बाढीबाट मेलम्ची नगरपालिकाको मेलम्ची बजार हुँदै ईन्द्रावती र पाँचपोखरी थाङ्पाल गाउँपालिका जाने पक्की मोटर पुल र मेलम्ची नगरपालिकाकै अन्य वडाहरु जोड्ने केही झुलुङ्गे पुलहरु बगाएको हुँदा हाल पालिकाहरुबीच यातायात आवागमन विच्छेद भएको छ । पालिकाहरुबीचको सहज यातायातको लागि मेलम्ची र इन्द्रावती नदीमा तत्काल २ वटा बेलीब्रिज निर्माण गरी यातायात संचालन गर्नुपर्ने अपेक्षा राखेका छौं ।
- बाढीबाट स्थायी आवास पूर्ण क्षति भएका १८० परिवार हाल विस्थापित भई सामुदायिक भवन र अन्यत्र डेरा लिई बसोबास गरिरहेका छन् । बाढीबाट विस्थापित घर परिवारको तत्काल पुनर्स्थापना गर्नुपर्ने आवश्यकता देखिन्छ । विस्थापित घर परिवारको पुनर्स्थापनको लागि केन्द्र सरकार र प्रदेश सरकारसंग सहयोगको अपेक्षा गरिएको छ ।
- विनाशकारी बाढीबाट यस नगरपालिका क्षेत्रको करिव ३,५०० रोपनी खेतीयोग्य जग्गामा पूर्ण क्षति पुगेको छ । ईन्द्रावती र मेलम्ची नदीलाई तटबन्द निर्माण गरी खेतीयोग्य जग्गा जमिनको संरक्षण गर्नुपर्ने अपेक्षा राखेका छौं ।
- यस भेगको ऐतिहासिक महत्वका बस्तीहरु मेलम्ची बजार, तालामाराङ बजार र बाहुनेपाटी बजारको केही भागमा बाढीबाट क्षति पुगेको हुँदा उक्त बजारहरुको संरक्षण गर्नुपर्ने अपेक्षा राखेका छौं ।
- यु एन डि पि, इसिमोड लगायत नेपाल सरकारका वातावरण तथा भू गर्भविद विज्ञ टोलीबाट मेलम्ची र ईन्द्रावती नदीको किनार बस्ती जोखिमयुक्त रहेकोले उक्त बस्ती स्थानान्तरण गर्न सुझाव दिइरहेको अवस्थामा नदी किनारमा परम्परा देखि नै बसोबास गरिरहेका स्थानीय बासिन्दाहरुको अन्यत्र नजाने र साविककै स्थानमा नदी संरक्षण गरी बसोबास गर्ने अपेक्षा देखिन्छ । यस सन्दर्भमा नेपाल सरकारको आवश्यक निर्देशनको महशुस भएको छ ।

**डम्बर बहादुर अमात्य**
**नगर प्रमुख**

Scanned with CamScanner

- मनसुन अवधिभर नदी किनार र जोखिमयुक्त बस्तीको थप संरक्षणको लागि आवश्यक श्रोत साधन र दक्ष जनशक्तिको कमी भएकोले सो उपलब्ध हुने अपेक्षा राखेका छौ ।
- संभावित बाढीबाट हुनसक्ने क्षति न्यूनीकरणको लागि नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको बाढी पहिरो नियन्त्रणमा तालिम प्राप्त थप दक्ष जनशक्ति व्यवस्थापनको अपेक्षा राखेका छौ।
- मेलम्ची नगरपालिकाको तालामाराङ देखि ढाँडखोलासम्म करिव १५ किमि नदी किनाराका दवै भागमा रहेका वस्ती तथा खेति योग्य जमिन उच्च जोखिममा रहेको हुदाँ उक्त क्षेत्रमा नदीको दुवै किनारामा तटवन्ध बाँधि बस्ति तथा जमिन संरक्षण गरिदिन नगरबासीले नेपाल सरकारसंग अपेक्षा राखेका छौ।
- बाढीले पुल बगाइ आवत जावत ठप्प हुँदा यस नगरपालिका अन्तर्गत संचालित संघीय तथा प्रदेश सरकारको वित्तीय समानीकरण, शसर्त र समपुरक अनुदानबाट संचालित आयोजनाहरु अधुरो रहेको हुँदा उक्त आयोजनाहरु आगामी आर्थिक वर्षमा आर्थिक दायित्व सहित निरन्तरता दिनेगरी म्याद थप गरिदिने आशा गरेका छौ।
- मध्यपहाडी लोकमार्गमा पर्ने यस नगरपालिका क्षेत्र भित्रको उपयुक्त स्थान छनौट गरी नयाँ सहरको विकास गर्दै जोखिमपूर्ण बस्तीहरुलाई स्थानान्तरण गर्ने कार्यमा नेपाल सरकारसंग अपेक्षा राखेका छौं ।
- इन्द्रावती तथा मेलम्ची नदिको माथिल्लो हिमाली क्षेत्रमा जोखिमको अध्ययन गरि नागरिकहरुलाई सुसुचित गर्ने तथा जोखिम न्युनिकरणक गर्ने कार्यमा नेपाल सरकारले तदारुकताका साथ कार्य अघि बढाउने अपेक्षा राखेका छौं ।
- यस विपद्को अवस्थाबाट यस क्षेत्रको जनतालाइ पुर्ववत अवस्थामा फर्काउन र मेलम्ची खानेपानी आयोजना सुचारु गर्न प्रभावित क्षेत्रको लागि सो आयोजनाको कुल लागतको ३.५% (तीन दशमलव पाँच प्रतिशत) रकम छुट्याउने व्यवस्थाका मिलाउन म सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष विनम्र अनुरोध गर्दछु ।

धन्यवाद।

डम्वर बहादुर अर्याल

नगर प्रमुख, मेलम्ची नगरपालिका

डम्बर बहादुर अर्याल
नगर प्रमुख